**सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम**

**राजस्व अनुसन्धान विभागसंग सम्वन्धित सार्वजनिक विवरण**

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

**राजस्व अनुसन्धान विभाग**

**हरिहरभवन, ललितपुर**

**२०७३, वैशाख--असार**

टेलिफोनः ५५२७८८५ महानिर्देशक, ५५५१८०२ उप-महानिर्देशक, कन्ट्रोल रुमः ५०१००८५, एक्सचेन्जः ५०१०१०६, ५०१००५७, फ्याक्सः ५५४२०२३, टोल फ्री नम्बरः १६६०-०१-५५०००

इमेलः info@dri.gov.np, वेभसाइटः www.dri.gov.np

## १. राजस्व अनुसन्धान विभागको स्वरुप र प्रकृति:

**<u>ऐतिहासिक पृष्ठभूमि:</u>**

राजस्व संकलन कार्यमा हुने चुहावटलाई रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारले बि.सं. २०५० सालमा अर्थ मन्त्रालय मातहत राजस्व अनुसन्धान महाशाखा गठन गरेको थियो । उक्त महाशाखामार्फत हुँदै आएको राजस्व चुहावट न्यूनीकरण कार्यलाई थप क्रियाशील र प्रभावकारी बनाउन एक छुट्टै विभागको आवश्यकता महसुस गरी बि.सं.२०५० सालमा राजस्व अनुसन्धान विभागको गठन भएको हो ।

राजस्व चुहावटको क्षेत्र व्यापक बन्दै गएको, चुहावटको प्रकृति र प्रवृत्ति नयाँ ढंगबाट विस्तारित एवं रुपान्तरित हुँदै गएको सन्दर्भलाई हृदयंगम गरी राजस्व चुहावट नियन्त्रण कार्यमा थप प्रभावकारीता ल्याउने उद्देश्यबाट राजस्व अनुसन्धान विभाग स्थापना भएको हो । कर तथा गैरकर राजस्व चुहावटको संभावनालाई न्यूनीकरण गर्न र राजस्व अनुसन्धानको क्षेत्रमा विशिष्टीकरण कायम गरी राजस्व संकलनको कार्यलाई थप प्रभावकारी तुल्याउन विभाग क्रियाशील रहँदै आएको छ ।

राजस्व चुहावट नियन्त्रणको समष्टिगत कार्यमा सहजीकरण एवं प्रभावकारीता ल्याउन, विभागको कार्यक्षेत्रमा स्पष्टता कायम गरी कार्यगत विशिष्टता हासिल गर्न र राजस्व चुहावट नियन्त्रण गर्न राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को तर्जुमा भई कार्यान्वयन भइरहेको छ । यी कानुनी व्यवस्थाले विभागको कार्यक्षेत्रलाई स्पष्टता प्रदान गरेको छ ।

**<u>उद्देश्य</u>**


प्रचलित नेपाल कानुनले आफूलाई प्रदान गरेको अधिकार र कर्तव्यको पूर्ण पालना गरी प्रभावकारी आर्थिक सूचना प्रणालीको विकास गर्दै पारदर्शी एवम् स्वच्छ अर्थतन्त्रको निर्माणका अतिरिक्त उत्तरदायी, पारदर्शी एवम् व्यावसायिक राजस्व प्रशासनको संस्थागत विकासमार्फत राजस्व चुहावट र आर्थिक अपराध नियन्त्रणका लागि निम्नानुसारका उद्देश्य प्राप्तिमा राजस्व अनुसन्धान विभाग केन्द्रित रहेको छ ।

- द्रुततर आर्थिक विकासका लागि अधिकतम् राजस्व संकलनको आधार तयार गर्ने ।

- राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गर्ने ।
- स्वच्छ र पारदर्शी अर्थतन्त्र निर्माणको लागि योगदान गर्ने ।
- राजस्व चुहावट र आर्थिक अपराध सम्वद्ध अनुसन्धान कार्यलाई गति प्रदान गरी राजस्व नीति तथा कानुनको तादाम्यताको स्तर अभिवृद्धि गर्ने ।
- विदेशी विनिमयको अवैध ओसारपसार तथा कारोवारको अनुसन्धान तथा प्रभावकारी नियन्त्रण गर्ने ।
- स्वच्छ, स्वःस्फूर्त र अवरोधरहित व्यावसायिक क्रियाकलापको प्रवर्द्धनमार्फत लगानीमैत्री वातावरणको निर्माण गर्ने ।

## संगठन संरचना:

### संगठन संरचना



## २. विभागको काम, कर्तव्य र अधिकार

मूलरुपमा राजस्व अनुसन्धान विभागले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र नियमावली, २०७० को परिधिभित्र रही आफ्ना क्रियाकलापहरू सञ्चालन गरेको छ । यद्यपि, कार्यसम्पादनका सिलसिलामा मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३, अन्तःशुल्क ऐन, २०५८, अन्तःशुल्क नियमावली, २०५९, भन्सार ऐन, २०६४, भन्सार नियमावली, २०६४ का अतिरिक्त विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ लाई समेत अनुसरण गरी प्रत्यायोजित अधिकारका आधारमा देहाय अनुसारको कार्यसम्पादन गर्दै आएको छः-

- कर तथा गैरकर राजस्व चुहावटउपर अनुसन्धान गर्ने।
- विदेशी विनिमयको अवैध ओसारपसार तथा अपचलनको अनुसन्धान गर्ने।
- भन्सार जाँचपास भई आएका सामानहरू चेकजाँच गरी भन्सार महसुल तिरे/नतिरेको वा कम तिरेको यकिन गरी आवश्यक कारवाही गर्ने।
- आन्तरिक वा बाह्य ओसारपसारलाई व्यवस्थित गर्न स्थलगत अनुगमन गर्ने।
- मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने वा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुहरूको कारोवार गर्नेले मूल्य अभिवृद्धि कर तिरे/नतिरेको अनुसन्धान गरी कारवाही गर्ने।
- व्यापार विचलन भई अनधिकृत रुपमा पैठारी वा निकासी हुने मालवस्तुउपर नियन्त्रण गर्ने।
- राजस्व चुहावट भएको वा हुन लागेको सूचनाको आधारमा प्रारम्भिक अनुसन्धान गरी थप अनुसन्धानका लागि सम्बन्धित निकायमा पठाउने वा विस्तृत अनुसन्धान गरी अदालतमा मुद्दा दायर गर्ने।
- राजस्व चुहावट नियन्त्रण, अनुसन्धान तथा सो उपर कारवाही गर्ने।
- राजस्व प्रशासनको आधुनिकीकरण तथा सुदृढीकरणको लागि नीतिगत पृष्ठपोषण गर्ने।

## ३. विभागको कर्मचारी संख्या

| सि.नं. | पद | श्रेणी/सेवा/समूह | पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | महानिर्देशक | रा.प.प्र. (सा. प्र.) | १ | |
| २. | उप-महानिर्देशक | रा.प.प्र. (सा. प्र.) | १ | |
| ३. | निर्देशक | रा.प.द्वि. (राजस्व) | ६ | |
| ४. | निर्देशक | रा.प.द्वि. (सा. प्र.) | १ | |
| ५. | निर्देशक | रा.प.द्वि. (लेखा) | १ | |
| ६ | शाखा अधिकृत | रा.प.तृ. (राजस्व) | १० | |
| ७. | शाखा अधिकृत | रा.प.तृ. (प्रशासन) | ३ | |
| ८. | जिल्ला न्यायाधिवक्ता | रा.प.तृ.(सरकारी वकिल) | १ | |
| ९. | लेखा अधिकृत | रा.प.तृ. (लेखा) | १ | |
| १०. | कम्प्युटर इन्जिनियर | रा.प.तृ. (विविध) | १ | |
| ११. | ना.सु. | रा.प.अनं.प्र. (राजस्व) | २५ | |
| १२. | ना.सु. | रा.प.अनं.प्र. (सा. प्र.) | ४ | |
| १३. | ना.सु. | रा.प.अनं.प्र. (सरकारी वकील) | १ | |
| १४. | कम्प्युटर अधिकृत | रा.प.तृ. (विविध) | ६ | |
| १५. | लेखापाल | रा.प.अनं.प्र. | १ | |
| १६. | टा.ना.सु. | रा.प.अनं. प्रथम | २ | |
| १७. | हलुका सवारी चालक | श्रेणीविहीन | ७ | |
| १८. | कार्यालय सहयोगी | श्रेणीविहीन | १५ | |
| **जम्मा** | | | **८७** | |

## ४. विभागवाट प्रदान गरिने सेवा

| सि.नं | कार्यहरु | सम्बन्धित शाखा | जिम्मेवार पदाधिकारी | आवश्यक कागजात | समय | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | **सुराकी/सूचना संकलन सम्वन्धी कार्य**<br>- उजुरी निवेदन<br>- फोन/फ्याक्स वाट प्राप्त सूचना<br>- अन्य निकायवाट प्राप्त सूचना<br>- अनुसन्धानवाट प्राप्त सूचना<br>- कन्ट्रोलरुमवाट प्राप्त सूचना<br>- अन्य | कन्ट्रोल रुम | महानिर्देशक उप-महानिर्देशक | निवेदन, इमेल, फ्याक्स तथा फोन गरेको पुष्टि हुने प्रमाण | निरन्तर | महानिर्देशक/ उप-महानिर्देशक |
| २. | **गस्ती परिचालन गर्ने**<br>- नियमित/आकस्मिक<br>- राजमार्ग गस्ती<br>- द्रुत गस्ती | अनुसन्धान शाखाहरु | अनुसन्धान शाखाका निर्देशकहरु | प्राप्त सूचनाहरु | आवश्यकतानुसार+ निरन्तर | उप-महानिर्देशक |
| ३. | **बजार अनुगमन**<br>- शंकास्पद कारोवारस्थलको भ्रमण | अनुसन्धान शाखाहरु | निर्देशकहरु | प्राप्त सूचनाहरु | निरन्तर | ,, |
| ४. | **कर तथा गैर कर राजस्व चुहावट विरुद्ध अनुसन्धान गर्ने**<br>- शंकास्पद क्षेत्रमा छापा मार्ने<br>- राजमार्ग क्षेत्रमा गस्ती परिचालन गर्ने<br>- यात्रु बसमा निगरानी राख्ने | अनुसन्धान शाखाहरु<br>कानुन शाखा | निर्देशकहरु जिल्ला न्यायाधिवक्ता | आवश्यकतानुसार | निरन्तर | ,, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | - अभियुक्तको वयान गराउने<br>- धरौटी माग गर्ने<br>- जिल्ला सरकारी वकील कार्यालयको राय माग गर्ने<br>- मुद्दा दायर गर्ने | | | | | |
| ५. | **विदेशी विनिमय नियमन सम्बन्धी कार्य**<br>- अभियुक्तको हकमा वयान गराउने, धरौटी माग गर्ने<br>- जिल्ला सरकारी वकील कार्यालयको राय माग गर्ने<br>- मुद्दा दायर गर्ने | कानुन शाखा | जिल्ला न्यायाधिवक्ता | | प्रचलित कानुन वमोजिम | ,, |
| ६. | **लिलाम सम्बन्धी कार्य**<br>- प्रत्येक शुक्रवार मुल्याङकन समितिको वैठक राख्ने<br>- लिलाम सम्वन्धी सूचना प्रकाशन गर्ने<br>- सूचना विभागको Web site मा समेत राख्ने<br>- लिलाम सकार्ने व्यक्तिले ७ दिनभित्र सामान नउठाएमा धरौटी जफत गर्ने | प्रशासन शाखा/मुद्दा शाखा | निर्देशक | फर्म भ्थाट तथा अन्त शुल्कमा दर्ता भएको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, प्रतिनिध तोकेको पत्र, फर्म दर्ता तथा नविकरण, बैंक भौचर | नियमानुसार | ,, |
| ७. | **मुद्दा सम्बन्धी कार्य**<br>- भन्सार चोरी पैठारीको सामान कब्जामा लिने<br>- वयान गराउने, मुद्दा दर्ता गर्ने र फैसला गर्ने | अनुसन्धान तथा मुद्दा शाखा-१ | निर्देशक | आवश्यक्तानुसार | भन्सार ऐन, २०६४, अन्तःशुल्क ऐन, २०५८ बमोजिम | ,, |
| ८. | **धरौटी सम्बन्धी कार्य** | लेखा | लेखा प्रमुख | निवेदन, रसिदको | २ दिन | ,, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | शाखा | | सक्कल प्रति | | |
| ९. | **भ्रष्टाचार विरुद्ध परेका उजुरीहरुको छानविन** | प्रशासन शाखा | निर्देशक | - | प्राप्त भए अनुसार | ,, |
| १०. | **अन्तरक्रिया कार्यक्रम संचालन** | प्रशासन शाखा | निर्देशक | - | चौमासिक | महानिर्देशक/ उप-महानिर्देशक |
| ११. | **प्रचार/प्रसार तथा जनचेतनामूलक कार्यक्रम संचालन** | प्रशासन + अनुसन्धान शाखा | निर्देशक | - | आवश्यक्तानुसार | ,, |
| १२. | **सुराकी खर्च तथा सुराकी पुरस्कार सम्वन्धी** | प्रशासन + अनुसन्धान + लेखा शाखा | प्रशासन + लेखा + अनुसन्धान निर्देशकहरु | निवेदन दर्ता भएको हुनु पर्ने इमेल तथा फ्याक्सवाट जानकारी गराएको भए सो पुष्टि हुनुपर्ने | ७ दिन | ,, |

## ५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|
| **१.** | अनुसन्धान तथा मुद्दा शाखा-१ | निर्देशक, मदन दाहाल |
| **२.** | अनुसन्धान शाखा-२ | निर्देशक, तीर्थराज चिलुवाल |
| **३.** | अनुसन्धान शाखा-३ | निर्देशक, नारद गौतम |
| **४.** | अनुसन्धान शाखा-४ | निर्देशक, जय बहादुर भण्डारी |
| **५.** | अनुसन्धान शाखा-५ | निर्देशक, केशव कुमार भण्डारी |
| **६.** | अनुसन्धान शाखा-६ | निर्देशक, लीला प्रसाद शर्मा |
| **७.** | प्रशासन शाखा | निर्देशक, देवी प्रसाद थपलिया |
| **८.** | आर्थिक प्रशासन शाखा | उपसचिव, मातृका भट्टराई |
| **९.** | कानुन शाखा | कानुन अधिकृत, तारासिंह धामी |

**६. सेवा प्रदान गर्दा लाग्ने दस्तुर र अवधि**

- यो विभाग राजस्वसंग सम्वन्धित ऐन नियमहरुको पालना भए नभएको सन्दर्भमा अनुगमन गर्ने निकाय (Watch Dog) भएकोले यहाँवाट सेवा प्रदान नहुने गरेको।

**७. निर्णय प्रक्रिया र अधिकारी**

यस विभागको दैनिक कार्य सम्पादन अर्थ मन्त्रालयवाट भएको अधिकार प्रत्यायोजन वमोजिम महानिर्देशकज्यू वाट हुने गरेको छ। केहि निर्णयहरु महानिर्देशकज्यू वाट भएको अधिकार प्रत्यायोजन वमोजिम उपमहानिर्देकज्यूवाट पनि हुने गरेको छ। साथै, विषयगत एवं नितीगतरुपमा गर्नुपर्ने निर्णयहरुको स्वीकृतिको लागि अर्थ मन्त्रालयमा लेखी पठाइने गरेको छ।

**८. निर्णयउपर उजुरी सुन्ने अधिकारी**

श्री निर्मलहरि अधिकारी, महानिर्देशक, राजस्व अनुसन्धान विभाग

**९. सम्पादन गरेको कामको विवरण**

विभागवाट २०७३ बैशाख- असार मसान्तसम्मको अवधिमा सम्पादन गरेका प्रमुख कामहरुको विवरण:

- कर छली गर्ने ८१ वटा शंकास्पद करदाताहरुको कारोबार छानविन गरिएको ।
- विभिन्न भन्सार कार्यालयबाट जांचपास भएका तथा आन्तरिक ओसार पसारका मालबस्तु ढुवानी गरी आएका ११७ वटा मालवाहक गाडीहरुको भौतिक चेकजांच सम्पन्न गरिएको।
- राजस्व जोखिम सम्बन्धी परिसूचकहरु तयार गरिएको
- राजस्व जोखिम सम्बन्धी परिसूचकको आधारमा प्राप्त सूचनाहरु विश्लेषण गरी अनुसन्धान गर्ने कार्य प्रारम्भ गरिएको ।
- अनुसन्धान कार्यलाई नतिजामूलक बनाउन राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा सामयिक संशोधन गरिएको ।
- राजस्व अनुसन्धान निर्देशिका तयार गरी सो निर्देशिका बमोजिम कार्य हुन शुरु भएको
- विभागको चालु आ.व.को ७६.६३% वेरुजु फछ्र्यौट गरिएको ।

- गोदाममा रहेका सबै मालबस्तुको, लिलामी मुद्धाकोक्रममा रहेका वाहेक, अन्य सबै मालबस्तु लिलाम गरिएको। सो वापत बैशाख महिनामा रु. ८८ लाख ३७ अजार ७२६ रुपैयाँ प्राप्त भएको।
- विदेशी विनिमय अपलचन सम्बन्धी वैशाख महिनामा ७ वटा मुद्धाहरु सम्वन्धित जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।
- अनुसन्धान कार्यको अभिलेख कम्प्यूटरमा प्रविष्ट गरी अभिलेख Automation को कार्य प्रारम्भ गरिएको।
- वैशाख महिनामा भन्सार, मु.अ.कर, अन्तशुल्क, अयकार र अन्य कर समेत गरी कूल १९ करोड ७२ लाख ३४ हजार राजस्व संकलन गरिएको।
- राजस्व जोखिम भएका क्षेत्रको राजस्व चुहावट सम्बन्धी १५ वटा केशहरुको विस्तृत अनुसन्धान पुरा गरिएको ।
- विभागीय प्रमुखद्धारा ४ वटै क्षेत्रीय कार्यालयहरुको अनुगमन गरिएको ।

१०. सुचना अधिकारी र प्रमुखको नाम र पद

विभागीय प्रमुखको नाम: श्री निर्मलहरि अधिकारी पद: महानिर्देशक

सूचना अधिकारीको नाम: श्री देवी प्रसाद थपलिया पद: निर्देशक

**११. ऐन नियम वा निर्देशिकाको सूची**

राजस्व अनुसन्धान विभागलाई आफ्नो कार्यसम्पादनका लागि राजस्व प्रशासन सम्वद्ध देहायका कानुनहरू प्रयोग गर्ने अधिकार प्रदान गरिएको छः-

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७०
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
- विदेशी विनिमय (नियमित गर्ने) नियमावली, २०२०
- मूल्य अभिवृद्धि कर ऐन, २०५२
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- भन्सार ऐन, २०६४
- भन्सार नियमावली, २०६४
- अन्तःशुल्क ऐन, २०५८
- अन्तःशुल्क नियमावली, २०५९

१२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी विवरण

विभागले गत आ.व.मा कूल रु.२ अर्व १४ करोड ३९ लाख राजस्व संकलन गरेको र सोही आ.व. मा चालु र पूजिंगत गरी जम्मा रु. १४ करोड ४८ हजार पांच सय अन्ठउन्न खर्च भएको छ।

१३. अधिल्लो आ.व.मा संचालन भएको कार्यक्रमको विवरण

अधिल्लो आ.व.मा विभागवाट कुनै कार्यक्रम संचालन नभएको ।

१४. विभागको वेभसाइटको विवरण

Website Address: www.dri.gov.np Email Address: info@dri.gov.np

१५. सार्वजनिक निकायले प्रप्त गरेको वैदेशिक सहायता, ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण

--विभागले कुनै वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता नगरेको।

१६. विभागले संचालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

यस विभागवाट यस आ.व. मा हालसम्म कुनै पनि कार्यक्रम संचालन नभएको।

१७. विभागले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी ।

--विभागवाट सूचना वर्गीकरण हुन नसकेको।

१८. विभागमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिएको विषय

सूचनाको हक सम्वन्धी ऐन, २०६४ अन्तर्गत रही निवेदक श्री सुदर्शन अर्याल, अरुण कुमार ज्ञवाली र विष्णु पोखरेलले माग गर्नु भएको सूचना समयमै उपलव्ध गराइएको छ।

१९. विभागका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

विभागका गतिविधि तथा सूचनाहरु राष्ट्रियस्तरको दैनिक पत्रिकाहरुमा प्रकाशित गर्नुका साथै विभागको वेबसाइट www.dri.gov.np मा राख्ने गरिएको छ । र साथै सामाजिक संजाल (www.facebook.com/drinepal) र (www.twiter.com/drinepal) मा Share गर्ने गरिएको छ ।

२०. तोकिए बमोजिमका अन्य विवरण

विभागले राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न गस्ती परिचालन गर्ने, संकास्पद कारोवार स्थलमा छापा मार्ने, मालसामान कब्जामा लिने, जफत गर्ने, दण्डित गर्ने, लिलामबिक्री गर्ने कार्यको अतिरिक्त प्रचारप्रसार, गोष्ठी, सेमिनार, अन्तरक्रिया,जागरण अभियान, संस्थागत सुदृढीकरण, कार्यप्रणाली र कार्यविधिमा सुधार जस्ता प्रवर्द्धनात्मक उपाय **(Promotional Measures)** अवलम्वन गर्दै आएको छ ।